कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा
बागमती प्रदेश, नेपाल

फोनः ९८५११८५०९६
Email: kalikagaupalika@gmail.com
Website: kalikamunrasuwa.gov.np

प.सं. : ०८०/८१
च.नं. :

मिति : २०८०/१०/२८

## सडक छेउबाट निर्माण तथा अन्य सामग्रीहरु हटाउने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस कालिका गाउँपालिका क्षेत्रभित्रका विभिन्न सडकहरुमा अनाधिकृत रुपमा निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा, सिमेन्ट तथा छड), पसलका व्यापारिक सामग्रीहरु पसल अगाडि सडकमा राख्ने तथा झुण्ड्याउने, सवारी साधनहरु सडकमै मर्मत गर्ने तथा सफा गर्ने, घरपालुवा जनावरहरु कुखुरा तथा कुकुर सडकमै पाल्ने तथा छोड्ने, पशु चौपायाहरु सडकमै बध गर्ने, काठ तथा फर्निचर जस्ता सामग्रीहरु सडकमै राख्ने जस्ता कार्यले गर्दा सवारी साधन र मानिसहरुको आवागमनलाई बाधा अवरोध तथा कठिनाई भइरहेकोले आ-आफ्ना घर पसल अगाडिको सडकमा उल्लिखित कार्यहरु नगर्न नगराउनुहुन सूचित गरिन्छ। यदि उल्लिखित कार्यहरु गरेको भए यो सूचना जारी भएको मितिले १०(दश) दिनभित्र सडक छेउबाट निर्माण तथा अन्य सामग्रीहरु हटाइ सार्वजनिक आवागमनलाई सहज बनाउन हार्दिक अनुरोध गरिन्छ। साथै, यस सूचनालाई अवज्ञा गरेको पाइएमा नियमानुसार कारवाही हुने तथा सार्वजनिक स्थल सडकमा सामग्रीहरु राखिएको पाइएमा जफत गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

.....................................
कृष्ण बहादुर के.सी. कुँवर
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत